राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ४०, जेठ ६ गते शुक्रबार, २०७९ (20 May, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# 'आर्थिक विकास र सन्तुलित वितरण गरौं'

## प्रतिनिधिसभा बैठक : विनियोजन विधेयकमा समावेश हुने बजेट, कार्यक्रमका सिद्धान्तमा छलफल

■ जनजिब्रो संवाददाता



प्रतिनिधिसभा बैठकमा आव २०७९/८० को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथिको छलफल जारी छ।

सदनमा आज पहिलो दिनको छलफलमा भाग लिँदै सांसदहरूले सन्तुलित विकास र आर्थिक वितरणमा जोड दिनुभएको छ। उहाँहरूले कृषि ऊर्जा, पर्यटनलगायत क्षेत्रलाई प्राथमिकता दिनुपर्ने सुझाव राख्दै मुलुकलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ डोऱ्याउने खालको बजेटको आवश्यकता औंल्याउनुभयो।

उहाँहरूले बजेट निर्माण गर्दा साझा धारणाका साथ बनाउनुपर्नेमा जोड दिनुभएको छ। विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा आज १७ जना सांसदले भाग लिनुभएको थियो।

मङ्गलबार सदनमा पेश गरिएको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामा अर्थमन्त्री जनार्दन शर्माले वित्तीय अनुशासन कायम गर्ने, आर्थिक तथा प्राविधिक हिसाबले सम्भाव्य देखिएका आयोजनामा मात्र बजेट प्रस्ताव गर्ने, अनुत्पादक क्षेत्रमा सरकारी खर्च कटौती गरी मितव्ययिता कायम गरिने कुरा उल्लेख गर्नुभएको छ।

सरकारले सामाजिक न्याय, ग्रामीण विकासलाई केन्द्रमा राखेर आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने तयारी गरेको छ।

समाजवादउन्मुख अर्थतन्त्र निर्माणलाई प्राथमिकतामा राखेर सरकारले विदेशिएका युवालाई देशभित्रै रोजगारी तथा कृषिको उत्पादन वृद्धि गर्ने लक्ष्यलाई पनि बजेटको केन्द्रमा राख्ने विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा समावेश छ।

उक्त सिद्धान्त र प्राथमिकतामाथि बिहीबार पनि

क्रमशः अन्तिम पृष्ठमा

# प्रमको गृहजिल्लामा : कांग्रेस र माओवादी केन्द्र विजयी



**काठमाडौं।** भरखरै मुलुकभर सम्पन्न स्थानीय तहको निर्वाचनको धमाधम मत परिणाम आउने क्रम चलिरहेकै छ। देशभर एकै पटक सम्पन्न स्थानीय तहको निर्वाचनको मत गणना समेत जारी नै छ। मतपरिणाम आउँदै गर्दा प्रधानमन्त्री शेरबहादुर देउवाको गृहजिल्ला डँडेल्धुराका दुई नगरपालिकासहित सात वटा स्थानीय तह मध्ये पाँच स्थानीय तहमा नेपाली कांग्रेसले जित हासिल गरेको हो।

जिल्लाका दुई नगरपालिका र तीन गाउँपालिकामा कांग्रेसका उम्मेदवार विजयी भएका हुन् भने माओवादीले दुई स्थानीय तहका नेकपा (माओवादी केन्द्र) ले विजयी हासिल गरेको छ। गत निर्वाचनमा दुई स्थानीय तहमा जित हासिल गरेको नेकपा एमालेलाई यस पटक शून्य हात लागेको छ। जिल्ला सदरमुकामको अमरगढी नगरपालिकामा कांग्रेसका नगरप्रमुख डिल्लीराज जोशी, उपप्रमुख पार्वती भुकालसहित दस वडा अध्यक्षमा कांग्रेसका उम्मेदवार विजयी भएका छन्।

यसैगरी भित्रिमधेसको परशुराम नगरपालिकामा कांग्रेसका भरत बडायर जोशी

क्रमशः अन्तिम पृष्ठमा

# तिमीले सपना देख्न सक्नुपर्छ

म मख्ख पर्छु तिम्रा खुशी र हाँसो देखेर। अनि त्यही क्षण तिमीभित्र अथाह खुशी भेट्छु म। तिमीभित्र चरम सन्तुष्टि भेट्छु म। तिम्रा आँखामा मेरा सपनाहरू देख्छु म। तिमीभित्र आफ्नो जीवन खोज्छु म। तिमीभित्र सारा ब्रह्माण्ड देख्छु म।
मैले तिमीभित्र आफ्नो जीवन खोजे जस्तै मेरी आमा पनि मभित्र आफ्नो जीवन खोज्थिन् होला। सारा ब्रह्माण्ड देख्थिन् होला। मेरा खुशीमा हाँस्थिन् होला। मेरा दुःखमा रुन्थिन् होला।

**समय-सन्देश**
**दुर्गा सुवेदी**

छोरी, तिमी आज दुई वर्ष पूरा भएकी छौं। तिमी दिनदिनै हुर्किरहेकी छौ। हरेक दिन तिम्रा हुर्काइका फरक-फरक क्रियाकलाप देखेर म दंग पर्छु। अहिले तिमी राम्रोसँग हिँड्न सक्ने भएकी छौ। तिम्रो क्षमताले भ्याएसम्म सबै शब्दहरू उच्चारण गर्न सक्ने भएकी छौ। छोटा र सरल वाक्याशंहरू बोल्न थालेकी छौ। अब बिस्तारै लामा र जटिल वाक्याशंहरू पनि सिक्दै जाने छौ र त्यसका भावहरू पनि बुझ्दै जानेछौ। परिवारका सदस्यहरूले गर्नुपर्ने कामको बारेमा पनि बताउन थालेकी छौ। आफूले पनि गर्नुपर्ने, गर्न हुने र गर्न नहुने कामको बारेमा बुझ्न थालेकी छौ। खुशी हुन र दुःखी हुन जानेकी छौ। रिसाउन, घुर्क्याउन र दंग्याउन पनि थालेकी छौ।

म मख्ख पर्छु तिम्रा खुशी र हाँसो देखेर। म दंग पर्छु, तिम्रा क्षणिक दुःख र रोदन सुनेर। अनि त्यही क्षण तिमीभित्र अथाह खुशी भेट्छु म। तिमीभित्र चरम सन्तुष्टि भेट्छु म। तिम्रा आँखामा मेरा सपनाहरू देख्छु म। तिमीभित्र आफ्नो जीवन खोज्छु म। तिमीभित्र सारा ब्रह्माण्ड देख्छु म।

तिमी अबोध छौ। रिस उठ्दा रिसाइ दिन्छौ। दुःखमा रोई दिन्छौ। सुखमा रमाई दिन्छौ। रमाईलोमा हाँसी दिन्छौ। तिमीलाई जे लाग्छ, तिमी त्यही गरी दिन्छौ। आफूभित्र जे छ, त्यही देखाई दिन्छौ। क्रियाअनुसार प्रतिक्रिया जनाई दिन्छौ। किनभने तिमी अबोध छौ, अन्जान छौ। त्यसैले त बेहिसाब रमाउन सक्छौ। बेलगाम रिसाउन सक्छौ।

जब म तिमी जस्तै थिएँ। ठ्याक्कै तिम्रै उमेरकी थिएँ। म पनि तिमी जस्तै बेहिसाव रमाउन सक्थैं, बेलगाम रिसाउन सक्थैं। मैले तिमीभित्र आफ्नो जीवन खोजे जस्तै मेरी आमा पनि मभित्र

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ४०, जेठ ६ गते शुक्रबार, २०७९

## सम्पादकीय

# आसन्न बजेट : जनअपेक्षा र आवश्यकतामा ध्यान देऊ

गणतन्त्र दिवसका दिन अर्थात् १५ जेठमा आगामी आर्थिक वर्षको आय-व्यय विवरण अथवा बजेट संघीय संसद्को संयुक्त बैठकमा पेस गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सोही व्यवस्थाअनुरूप यसपालि पनि आर्थिक वर्ष २०७९/८० को अनुमानित आय-व्यय विवरण प्रस्तुत गर्ने गरी अर्थ मन्त्री, मन्त्रालय र कर्मचारी तयारीमा जुटेका छन्।

बजेटको प्रस्तुति सामान्यतः कर्मकाण्डमा मात्रै सीमित हुने गरेको छ। मुलुकका सम्पूर्ण स्रोत-साधन र अर्थप्रणालीलाई वैधानिकता दिएर दोहन गर्ने अनि धनीलाई झन्-झन् धनी र गरिबलाई झन्-झन् कङ्गाल तुल्याउने कार्यमा यो केन्द्रित हुने गरेको 'परम्परा' छ। आमूल परिवर्तनकारी महान् जनयुद्धको फौजी नेतृत्व समालेका एक पूर्वकमान्डर जनार्दन शर्मा अर्थमन्त्री रहेका बेला त्यो ङ्खपरम्परा' तोडियोस् र बजेटले थोरै भए पनि जनमुखी दिशा समातोस् भन्ने सबैको अपेक्षा छ।

यद्यपि संसदीय राजनीतिक प्रणाली, प्रगतिशील शक्तिहरूको सदनमा कमजोर उपस्थिति, गठबन्धन सरकारको जटिलता र मुलुकको विद्यमान जर्जर आर्थिक अवस्थाका कारण अपेक्षाकृत परिवर्तन हुन नसक्ने यथार्थताप्रति पनि सबै पक्षहरू जानकार नै छन्। तैपनि बजेटमार्फत जनअपेक्षा र जनआवश्यकताप्रति यथासम्भव ध्यान दिइयोस् भन्ने सबैको कामना छ।

# तिमीले...

आफ्नो जीवन खोज्थिन् होला। सारा ब्रह्माण्ड देख्थिन् होला। मेरा खुशीमा हाँस्थिन् होला। मेरा दुःखमा रुन्थिन् होला। तर आफ्नो सुखमा न हाँस्न सक्थिन् न दुःखमा रुन नै। मेरा आँखामा आफ्ना सपनाहरू देख्थिन् होला। मेरा सपनाहरूसँगै आफ्ना सपनाहरू पूरा गर्ने कल्पना गर्थिन् होला।

त्यसैगरी म पनि तिम्रो खुशीमा रमाई दिन्छु तर मेरै खुशीमा रमाउन सक्दिन। तिम्रो दुःखमा रोई दिन्छु तर मेरै दुःखमा रुन सक्दिन। किनभने तिमी जस्तै म अबोध भई रहन पाइनँ। अन्जान बनिरहन पाइनँ। त्यसैले तिम्रा खुशी र हाँसोमा आफ्नो सुख खोज्छु म। तिम्रो पीडा र रुवाईमा दुःखी हुन्छु म।। तिम्रा आँखामा मेरा सपनाहरू देख्छु म। तिमीभित्र आफ्नो जीवन खोज्छु म।

जब तिमी बिस्तारै जटिल शब्द, जटिल भावहरू बुझ्न थाल्ने छौ, तब तिमी सरलबाट जटिल बन्दै जाने छौ। त्यति बेला तिमी अबोध-अन्जान रहिरहन पाउने छैनौ। अनि तिमीसँग हिसाब मागिने छ, तिम्रो हाँसोको। लगाम लगाइने छ, तिम्रो रुवाईमा। अनि तिमी पनि मेरी आमा र म जस्तै दुःख लाग्दा निष्फिक्री रुन र खुशी हुँदा निर्धक्क हाँस्न पाउने छैनौ। तिमीले सपना देख्न पाउने छैनौ। तिम्रा रहरहरू कसैलाई सुनाउन सक्ने छैनौ। तिम्रा आवश्यक्ताहरू कसैसँग भन्न सक्ने छैनौ। जब तिमीलाई कर्तव्य र जिम्मेवारीहरू बुझाउन थालिने छ नि, तब तिमी तिम्रा अधिकारहरूको लागि लड्न सक्ने छैनौ। तिमी आफ्नो खुशीमा रमाउन र दुःखमा रुन सक्ने छैनौ, ठिक म जस्तै।

म जस्तै तिमी पनि अरुको खुशीमा आफूलाई खोज्न थाल्ने छौ। अरुको दुःखमा आफूलाई भेट्न थाल्ने छौ। अरुमा आफूलाई समाहित गर्न थाल्ने छौ। मेरी आमाले मेरा आँखामा सपना देखे जस्तै। मैले तिम्रा खुशीमा आफ्नो सन्तुष्टि भेटे जस्तै।

समय फरक होला। संवेग त संवेग नै हुन् नि, चाहे उनका हुन्, मेरा हुन् या तिम्रा। सपनाका आकार-प्रकार र आयतन फरक होलान्। सपना त सपना नै हुन् नि चाहे उनका हुन्, मेरा हुन् या तिम्रा। बाँच्ने परिवेश र परिस्थिति फरक होला। जीवन त जीवन नै हो नि चाहे उनको होस्, मेरा होस् या तिम्रो।

हाम्रा आमाहरू चाहन्थे, आफ्ना छोरीहरूले आफूभन्दा धेरै पढून्। आफूले जस्तै दुःख नपाऊन्। खुशी होऊन्, सुखी होऊन्,। तर आफ्नै संस्कारको पदचाप पछ्याऊन्। जानेर-नजानेर, चाहेर-नचाहेर मैले, मेरी आमाले, आमाकी आमाले यस्तै-यस्तै तवरले उनीहरूले हामीलाई सिकाई रहे। हामीले पनि आफ्नी आमाले चाहेजस्तै उहाँकै संस्कार, उहाँकै पदचाप पछ्याई रह्यौं। त्यसैलाई पछ्याउँदै गर्दा हामीले कहिले सही र गलत छुट्याउन सकेनौं। कहिले गलतलाई गलत र सहिलाई सही भन्न नसकेर कहिले कतिलाई अन्याय गर्यौं भने कहिले आफैं अन्यायमा पर्यौं। कहिले संस्कार र कुसंस्कार छुट्याउन नसकेर कुसंस्कारहरूलाई पनि पुस्तान्तरण गर्ने पुलको काम गर्यौं।

हाम्रा आमाहरू भन्थे संस्कारी बन्नु पर्छ। संस्कारी बन्न अलिकति लजाउनु, अलिअलि डराउनु पर्छ। धेरै सहनु पर्छ, थोरै बोल्नु पर्छ। बिस्तारै हिँड्नु पर्छ, सम्हालिएर बस्न जान्नुपर्छ। उनीहरूले हामीलाई परिवारको लागि, समाजको लागि गर्नुपर्ने र गर्न नहुने कुराका फेहरिस्त सुनाएर संस्कारी बन्न सिकाए। सधैं अरुको लागि बाँच्न, हाँस्न सिकाउने आमाहरूले कहिल्यै तिमी आफ्नो लागि बाँच। जे गर्छौ तिम्रो लागि, तिम्रो खुशी र आत्मसम्मानको लागि गर भन्न जानेनन् या सकेनन्। उनीहरूले भनेनन्।

मेरी आमा आफ्नो लागि बाँच्नु पर्छ भन्ने थाहासम्म पनि नपाएर अरुकै लागि बाँचिन्। मलाई थाहा भएर पनि म अरुकै लागि बाँचिरहेकी छु। मलाई थाहा छ, आफ्नो लागि पनि बाँच्नु पर्छ। त्यसैले म मेरा लागि पनि बाँच्न चाहन्छु। आफ्नो लागि बाँच्न थाल्दा म एक्लो हुन्छु। म टाढिन्छु परिवारबाट। म एक्लिन्छु समाजबाट। अनि म आफ्नो लागि बाँच्नको लागि, आफ्नो खुशी र आत्मसम्मानको लागि एक्लै हिँड्न सकिन। सबैसँग एक्लै लड्न पनि सकिन। म एक्लिन चाहिन, परिवार र समाजबाट। त्यसैले मैले मेरो लागि बाँच्न छोडिदिएँ।

सायद म पहिलो पुस्ताको आमा हुँ जसले आफ्नो छोरीलाई आफूले बाँचेको परिवेश भन्दा फरक तरिकाले बाँच्न प्रेरित गरिरहेको छु। तिमीलाई पनि परिवार, समाज र संस्कारले मेरी आमा र म बाँचेको परिवेशमा बाँच्न बाध्य पार्ने दुस्प्रयास गर्न सक्छ। तर तिमीले आफ्नै लागि बाँच्नु पर्छ। तिमीले आफ्नै आँखामा सपना देख्नु पर्छ। तिमीले आफ्नो जीवन जिउनु पर्छ। दुःखमा वेलगाम रुन सक्नु पर्छ। खुशीमा वेहिसाब रमाउन सक्नु पर्छ। आफ्नो लागि बाँच्दा एक्लै भए पनि तिमी एक्लै हिँड्न सक्नु पर्छ। एक्लै लड्न सक्नु पर्छ। तिमी जे गर्छौ तिम्रो लागि, तिम्रो खुशी र आत्मसम्मानको लागि गर। तिम्रो लागि म हरक्षण रक्षाकवच बन्नेछु। तिम्रो लागि म हरेक ठाउँमा ढाल बनेर उभिने छु।

तिमी विद्रोही बन तर आत्मसर्मपण नगर। तिमीले एक पटक आत्मसमर्पण गर्यौ भने तिमी आफ्नो आँखामा कहिल्यै सपना देख्न पाउने छैनौ। आफ्नो लागि बाँच्न पाउने छैनौ। परिवार, समाज अनि संस्कारले तिमीलाई पनि मेरी आमा र मलाई जस्तै बाध्य बनाउने छन् अरुको लागि बाँच्न। अरुको खुशीमा हाँस्न। अरुको दुःखमा रुन। अरुको आँखामा सपना देख्न।

जब तिमी आफ्नै आँखाले सपना देख्ने छौ, तब अरुको आँखामा पनि सपना भर्न सक्नेछौ। जब तिमी आफ्नो लागि बाँच्ने छौ, तब अरुलाई पनि बाँच्ने कला सिकाउने छौ। जब तिमी आफ्नो लागि जिउने छौ, तब अरुलाई पनि जिउने बाटो देखाउन सक्ने छौ। जब तिमी खुशीमा हाँस्न सक्ने छौ, तब अरुलाई पनि हँसाउने छौ। जब तिमी निर्धक्क रुन सक्ने छौ, तब रुवाईको कारण र भाव बुझेर अरुको आँशु पुछ्न सक्ने छौ। तब मात्र तिम्रो जीवन सार्थक हुनेछ, जब तिम्रो जीवन मानव सभ्यता, प्राणी जगत र सम्पूर्ण चर-अचर जीवन विकासको लागि पनि सहयोग सिद्ध बन्नेछ। मेरो शुभ आर्शिवाद र साथ सधैं रहने छ तिमीलाई। मेरो शुभकामना छ तिमीलाई। (रातोपाटीबाट)

# समवेत...

**ग्वाटेमाला नरसंहार (सन् १९८१–१९८३)**

सन् १९८१ देखि १९८३ सम्मको गृहयुद्धपछिको नरसंहारमा एक एक वर्षको अन्तरालमा ग्वाटेमालामा २ लाख मान्छे मारिए या हराइए। १५ लाख मान्छे विस्थापित भए र डेढ लाख मान्छे शरणार्थी बन्न पुगे। यसमा अमेरिकाले यो मुलुकका दुई समुदायबीच विभाजन ल्याएर नरसंहार चलाएको इतिहासकारहरूको भनाइ छ।

**पूर्वी युरोपमा अमेरिकी गुरिल्ला क्याम्प (सन् १९४८–१९५६)**

पूर्वी युरोपमा कम्युनिस्ट शासन फाल्न अमेरिकी जासुसी संस्था सीआईएले सन् १९४८ देखि १९५६ सम्म पूर्वी यूरोपका विभिन्न भागमा एन्टी सैनिक ट्रेनिङ सञ्चालन गरेको थियो।

**पूर्वी जर्मनीमा अमेरिका आक्रमण (सन् १९५०)**

कम्युनिस्ट शासन रहेको पूर्वी जर्मनीमा सन् १९५० को दशकमा अमेरिकी सीआईएद्धारा कमान्डो सेना निर्माण गरेर आक्रमण गरिएको थियो। जहाँ अमेरिकाले हजारौं उच्च प्रविधिबाट तालिम प्राप्त कमान्डो विद्रोही सेना निर्माण गरिएको थियो।

**ग्वाटेमालामा सैनिक कु (सन् १९५४)**

सन् १९५४ मा ग्वाटेमालामा सैनिक कू गर्न लगाएर अमेरिकी सीआईएले निर्वाचित राष्ट्रपति जेकावो अर्वेनेजलाई बर्खास्त गर्यो।

**इक्वेडरमा सत्तापलट (सन् १९६०–१९६३)**

इक्वेडरमा सन् १९६० देखि १९६३ सम्म अमेरिकाले सीआईएद्धारा सरकार बनाउने र फेरि मन नपरेपछि ढाल्ने काम गरेर अस्तव्यस्त पार्ने काम गरेको थियो।

**कंगोमा एन्टी कम्युनिस्ट कोर (सन् १९६०–१९६४)**

सन् १९६० देखि १९६४ को बीचमा अमेरिकाले कङ्गोमा सीआईए र अमेरिकी दूतावासबाट कम्युनिस्ट प्रभाव रोक्न उसले एन्टी कम्युनिस्ट अर्गनाइजेसन बनाएर देशमा दङ्गा भड्काउने काम गरेको थियो।

**क्युबामा हस्तक्षेप (सन् १९६२)**

क्युबामा जब फिडेल क्यास्त्रोको नेतृत्वमा क्रान्तिकारी सत्ता स्थापना भयो, त्यही समयदेखि खासगरी सन् १९५८ देखि १९६२ सम्ममा अमेरिकाले सीआईए परिचालन गरेर कैयौं पटक सैन्य आक्रमण गर्यो तर असफल भयो। एक अध्ययनअनुसार अमेरिकाले फिडेल क्यास्त्रोलाई मार्न ६३२ पटक षडयन्त्र गरेर पनि हत्या गर्न सकेन।

**निकारागुवामा अमेरिकाको प्रतिविद्रोह (सन् १९८१)**

सन् १९८१ मा राष्ट्रपति निर्वाचित भएलगत्तै रोनाल्ड रेगन नेतृत्वको अमेरिकाले 'कोन्टा विद्रोही प्रतिक्रियावादी सङ्गठन' निर्माण गरेर सान्डानिष्ठा विद्रोहीहरूको सत्ताविरुद्ध विद्रोह गराएको थियो।

**अल्बानियामा अमेरिकी अन्तरध्वंश (सन् १९८९)**

कुनैबेला इटलीको उपनिवेशमा रहेको अल्बायिनालाई उपनिवेशबाट मुक्त गर्न अमेरिकाले सहयोग गरेको थियो। त्यही जस लिने नाममा उसले कठपुतली बनाउन खोजेपछि अल्बायिना सन् १९४४ पछि सोभियत धुरीमा समावेश भयो। झण्डै ५० वर्ष शासनमा रहेको अल्बायिनामा सन् १९८९ मा अमेरिकाले बेलायतको सहयोगमा एन्टी गुरिल्ला विद्रोह गराएर कम्यनिस्ट शासन पतन गराउन ठूलो भूमिका खेल्यो।

**पनामा हमला (सन् १९८९)**

अमेरिकाले सन् १९८९ को २० डिसेम्बरदेखि सन् १९९० को ३१ जनवरीसम्म एक महिना १ हप्ता ४ दिनभित्र आक्रमण गरेर कब्जामा लियो। सन् २००० सम्म अमेरिकाले पनामालाई उपनिवेशमा राखिराख्यो। त्यसक्रममा अमेरिकाले झण्डै १० हजार मान्छेको ज्यान लियो। जसमा धेरै गरिब र मजदुर बस्ती जलाइलियो।

**अपरेसन डेजर्ट स्टोर्म (सन् १९९१)**

इराक र कुवेतबीचको आन्तरिक कलहमा अमेरिकाले इराकमाथि सन् २ अगस्त १९९० देखि २८ फेब्रुअरी १९९१ सम्म फौजी हमला गर्यो। जसमा अमेरिकाले कुवेतको साथ दिएको निहुँमा इराकमाथि पहिलो हमलाको दौरानमा लाख मान्छेको मृत्यु र कैयौं घाइते भए। हमलाको अर्को समयमा ४८ घण्टाभित्र २५ हजार नागरिक र सैनिक मरे।

**सोमालियामाथि मिसाइल आक्रमण (सन् १९९३)**

अमेरिकी सेनाको हेलिकप्टरले एक सर्वसाधारणको भीडमाथि मिसाइल आक्रमण गर्दा सयौं निहत्या नागरिकको ज्यान गयो। जहाँ गाउँका कैयौं अन्नबाली र घर जलाइदियो।

**इरानमाथि निरन्तर हस्तक्षेप (सन् १९७९–२०२०)**

सन् १९७९ मा इरानमा २५ सय वर्षदेखि सञ्चालनमा रहेको पर्सियन राजतन्त्रलाई इरानी जनताले क्रान्तिकारी आन्दोलनबाट बढारे। यो क्रान्तिमा वामपन्थी सङ्गठन, इस्लामिक संगठन र विद्यार्थी सङ्गठनले साथ दिएका थिए। यो क्रान्तिलाई फ्रान्सको राज्यक्रान्ति र अक्टोबर क्रान्तिपछिको महान् क्रान्तिको संज्ञा दिने गरिन्छ। क्रान्तिपछि इरानामा इस्लामिक गणतन्त्र स्थापना भयो र अयातोल्लाह खमेनी सत्ताका प्रमुख बने। यसपछि अमेरिकाले इरानमा राजतन्त्र फर्काउन निकैपटक हर्कत गर्यो तर सकेन।

इरानमा आफ्नो अनुकुल शासन नभएपछि अमेरिकाले इरानलाई शत्रुको संज्ञा दिँदै पटक पटक आक्रमण गर्दै आएको छ। त्यसक्रममा सन् १९८८ मा अमेरिकी सेनाले इरानी आकाशमा उडिरहेको यात्री विमानमाथि आक्रमण गर्दा झण्डै ३ सय यात्री (जसमा ६६ बच्चासहित) मरे। अमेरिकाले यस घटनाबारे थोरै पनि आत्मआलोचना समेत गरेन।

**अफगानिस्तानमाथि निरन्तर आक्रमण (सन् १९९९–२०२०)**

अलकायदा र तालिबानी विद्रोही सङ्गठनलाई तह लगाउने नाममा अमेरिकी नेतृत्वमा नेटो सेनाले बमबारी गर्दा कैयौं गाउँ खरानी भए। दशौं हजार मान्छेको ज्यान गयो। बरु अमेरिका घर फर्कियो तर समस्या समाधान हुन सकेन।

**इराकमाथि हमला र निरन्तर कब्जा (सन् २००६–२०२०)**

एउटा स्वतन्त्र र सार्वभौम अरब मुलुक इराकमा रासायनिक हतियार राखेको (जो कहिल्यै पुष्टि भएन) आरोपमा अमेरिकाले इराकमाथि हमला गर्यो र सद्धाम हुसेनलाई सत्ताबाट पदच्यूत गर्नुका साथै हत्यासमेत गर्यो। पछिल्लो अमेरिका र इराक युद्धमा एक लाख मान्छे मारिए र ४० लाख मान्छे घरवारविहीन बनाइए। त्यसपछिको अमेरिकी प्रतिबन्ध र दबाबका कारण दस वर्षमा ५ लाख बच्चाको मृत्यु भयो। अहिले इराकी संसद र जनताले अमेरिकालाई आफ्नो देश छोड्न गरेको चेतावनीलाई अस्वीकार गरेर इराकमा अड्डा जमाइरहेको छ।

**हैटीमा राष्ट्रपति अपहरण (सन् २००४)**

२९ फेब्रुअरी सन् २००४ मा अमेरिकी सेनाले हैटीका राष्ट्रपति जिन बर्टेड अरिस्टाइडलाई अपहरण गरेर सत्तापलट समेत गर्यो। राष्ट्रपतिलाई बलपूर्वक एक विमानमा बसालेर मध्य अमेरिका लगियो। कैयौं दिनसम्म अमेरिकी नौ सैनिकले राजधानी कब्जामा राख्यो।

**लिबियामा सैन्य हमलापछि तख्तापलट (सन् २०११)**

कथित लोकतन्त्र स्थापित गर्ने नाममा अमेरिकाले फ्रान्स आदिको सहयोगमा सन् २०११ मा स्वतन्त्र र सार्वभौम मुलुक लिबियामाथि हमला गर्यो। जहाँ हजारौं नागरिकको मृत्यु भयो। लिबियाका राष्ट्रपति कर्णेल गद्दाफीको हत्या गरेर आफ्नो छत्रछायाँमा कठपुतली शासन कायम गर्यो। आज लिबियामा राजनीतिक अस्थिरता ब्याप्त छ।

**सिरिया द्वन्द्वमा अमेरिकी हस्तक्षेप (सन् २०११–२०२०**

सिरियामा निर्वाचित वैधानिक सरकार आफ्नो नीतिमा नचलेको झोकमा अमेरिकाले विद्रोहीहरूलाई उक्साएर चलेको गृहयुद्धमा ५ लाख बढी मान्छेको मृत्यु भइसकेको छ भने करोडौं मान्छे बेघरबार भएका छन्। जहाँ समस्या समाधान हुने कुनै छाँटकाँट छैन।


**ड्रोन हमला (सन् २००९)**

अमेरिकाले आतंककारी नष्ट गर्ने निहुँमा सन् २००९ देखि पछिल्लो समय सम्ममा पाकिस्तान, अफगानिस्तान र यमनमा गरेको मानवरहित ड्रोन हमला गरेर हजारौं निर्दोष नागरिकको ज्यान लिएको छ।

यी त केही दृष्टान्तहरू हुन्। अरू कैयौं घटनाहरू छन् जो पछिल्ला दिनमा उजागर हुनेछन्। विश्वमा अमेरिकी हस्तक्षेपका यी त देखिएका दृश्य मात्र हुन् अदृश्यमा भएका घटना पनि विस्तारै पटाक्षेप हुनेछन्।

विकास, शान्ति र प्रजातन्त्रका नाममा अमेरिकाले विश्वभर यति धेरै विध्वंश मच्चाइरहेको बेला नेपालमा एमसीसी कार्यान्वयन गराउनु भनेको अमेरिकालाई खुलेआम अन्तरध्वंशको आमन्त्रण गर्नु हो भन्ने कुरा यी माथिका दृष्टान्त काफी छन्। यसकारण प्रत्येक नेपालीले समवेत स्वरमा भनौं, 'नो एमसीसी, नो अमेरिका।' (जनपाटी डटनेटबाट)

# समवेत स्वरमा भनौं : 'नो एमसीसी, नो अमेरिका'



विचार-दृष्टिकोण

सुदर्शन मंगोल

कुनैबेला बेलायती साम्राज्यको सिकन्जामा कैद अमेरिकाले झन्डै दस वर्ष लामो सशस्त्र स्वाधीनताको युद्ध लड्नुपरेको थियो। लामो स्वतन्त्रता संग्रामपछिको त्यो अमेरिका, जसले राजनीतिक स्थिरताका कारण आधुनिक कृषि, विज्ञान प्रविधि, सेवा क्षेत्रलगायत तमाम क्षेत्रमा ठूलो क्रान्ति ल्याएर देशलाई विकास र समृद्धिको उचाइमा पुऱ्यायो। यहाँसम्म अमेरिकाको इतिहास नमुनायोग्य छ। कुनैबेला फ्रान्सेली राज्यक्रान्ति (सन् १७८९)को समानता, स्वतन्त्रता र भ्रातृत्वबाट प्रभावित भएर संघर्ष गरेको अमेरिकाले पछि किन धेरै कुरूप, विखण्डनता र हत्या आतंकको बाटो रोज्यो ? यहीबाट अमेरिकाले आफ्नो पुरानो इतिहासलाई नामेट पार्ने काम गऱ्यो।

अघिल्लो अमेरिका समानता, स्वतन्त्रता र भ्रातृत्वको नाराबाट अभिप्रेरित भएर क्रान्ति गर्ने देश हो भने पछिल्लो अमेरिका आफ्नै पुरानो लय छोडेर विध्वंशक, विखण्डन र आतंकको बाटो रोज्ने देश बनेको छ।

विलियम ब्लुम अमेरिकी लेखक, इतिहासकारका साथै अमेरिकी विदेश नीतिका आलोचक हुन्। उनको 'किलिङ होप, यूएस मिलेटरी एन्ड सीआईए इन्टरभेन्सन सिन्स वर्ल्ड वार-२' नामक बुक सन् २००३ मा प्रकाशित भयो।

यो किताबमा ब्लुमले पहिलो र दोस्रो भाग गरेर लेखेका छन्। पहिलो र दोस्रो भागमा अमेरिकाले चीनमा सन् १९४५ देखि सन् १९६० सम्म गरेको सैन्य हमलादेखि चिलीमा सन् १९६४ देखि १९७३ सम्म स्वतन्त्र देशको सत्तापलटका लागि अमेरिकी षड्यन्त्र, हत्या र नरसंहारको जीवन्त तस्बिर टाइम लाइनसहित उजागर गरेका छन्।

एडुआर्डो गालिआनो, उरुग्वेका पत्रकार, लेखक र उपन्यासकार हुन्, उनको किताब 'ओपन भेइन्स अफ ल्याटिन अमेरिका' सन् १९७१ मा प्रकाशित भएको थियो। एक ल्याटिन अमेरिकी निवासीको आँखाबाट अमेरिकी हस्तक्षेपको चर्चा गरिएको छ। उनले बुकमा कसरी ल्याटिन अमेरिका संयुक्त राज्य अमेरिकाको खेल मैदान बन्यो भन्ने कुरा सविस्तार चर्चा गरेका छन्।

नोम चोमस्कीको अन वेस्टन टेरोरिज्म (सन् १९७१), हेभेनको दि रियल टेरर नेटवर्क (सन् १९८५), अलेक्जेन्डर जर्जको वेस्टन स्टेट टेरोरिज्म (सन् २००५) लगायत लेखकका अनुसार २०औं शताब्दीभर पश्चिमा शासकहरू (खासगरी अमेरिका)ले दोस्रो विश्वयुद्धपछि मात्र करोड बढी मान्छेको नरसंहार गरेको दृष्टान्त ती किताबमा भेटिन्छ।
यसका लागि यी दृष्टान्त हेरे पुग्छ।

सन् १९४५ को दोस्रो विश्वयुद्धपछि महाशक्ति बनेको अमेरिकाले कतै सैनिक आक्रमण, कतै सीआईएको डिजाइनमा प्रत्यक्ष सैनिक 'कू' गरेर स्वतन्त्र एवं सार्वभौम सत्ता हत्याएको छ। विश्वको कुनै देश नहोला जहाँ अमेरिकाले हस्तक्षेप नगरेको होस्।

अमेरिकाले उत्तर-कोरियाली युद्ध (सन् १९५०-१९५३), भियतनाम युद्ध (सन् १९६५-१९७३) र इन्डोनेसिया नरसंहार (सन् १९६०-१९६६) मा मात्र ७० लाख बढी नागरिकको कत्लेआम गरेको छ। त्योभन्दा साना घटनाहरू त विश्वभर कति छन् कति।

यस आलेखमा विश्वव्यापी अमेरिकी हस्तक्षेपको सानो झल्को पेश मात्र गर्नेछौं।

**कोरिया नरसंहार (सन् १९५०-१९५३)**

अमेरिका र उत्तर कोरियालीबीच सन् १९५० देखि १९५३ सम्म भएको युद्धमा अमेरिकाले ३० लाख उत्तर कोरियाली नागरिकको ज्यान लियो। कम्युनिस्ट विचार लिएकै भरमा अमेरिकाले उत्तर कोरियामाथि हमला गर्ने दौरानमा दोस्रो विश्वयुद्धमा प्रयोग नगरेको हतियार प्रयोग गरेर उत्तरका दर्जनौं सहर खरानी पार्‍यो। तर उत्तर कोरियाली जनताको प्रतिरोधका कारण अमेरिका पराजित भएर घर फर्कनुपर्‍यो।

**भियतनामीहरूको कत्लेआम (सन् १९६५-१९७३)**

कम्युनिस्ट विचारमा अघि बढेको निहुँमा भियतनामी जनताको मुक्तियुद्ध कुल्चने भन्दै अमेरिकाले भियतनामसहित कम्पोचिया र लाओसमाथि ७० लाख टन बम खसाल्यो। हजारौं गाउँ उजाड बनायो। यो युद्धको दस वर्षमा अमेरिकाले करिब ३० लाख भियतनामी जनताको ज्यान लियो। यहाँ पनि लज्जास्पद पराजय बेहोरेर अमेरिका आफ्नो मुलुक फर्कियो।

**इन्डोनेसिया नरसंहार (सन् १९६०-१९६६)**

कुनैबेला सशस्त्र संघर्षमा रहेको इन्डोनेसियन कम्युनिस्ट पार्टी सन् १९५५ को निर्वाचनबाट दोस्रो ठूलो शक्तिका रूपमा उदायो। यही निर्वाचनबाट राष्ट्रवादी पहिचान बनाएको सुकार्नोको नेतृत्वमा रहेको इन्डोनेसियन नेसनल पार्टीले पहिलो शक्तिका रूपमा सरकारको नेतृत्व गर्‍यो। सुकार्नोको सरकारमा कम्युनिस्टहरू पनि सहभागी भए। त्यो बेला इन्डोनेसियाको जनसंख्या १० करोड रहेकोमा त्यहाँ कम्युनिस्ट पार्टीको सदस्य संख्या ३० लाख र जनवर्गीय संगठनहरूको संख्या जोड्दा झण्डै १ करोड थियो। अमेरिकाविरोधी कम्युनिस्ट समर्थित सुकार्नो सरकार बढार्न भनेर अमेरिकाले सीआईएलाई नेतृत्व प्रदान गर्‍यो। अन्तमा सन् १९६० देखि १९६६ सम्ममा सीआईएको डिजाइनमा जनरल सुहार्तोले सैनिक 'कू' मार्फत् इन्डोनेसियामा कम्युनिस्ट सखाप पार्ने अभियान लियो। त्यसक्रममा १० देखि १५ लाख कम्युनिस्टहरूको मात्र नरसंहार गरियो।

**चिलीको राष्ट्रपति हत्याकाण्ड (सन् १९७३)**

शान्तिपूर्ण निर्वाचनबाट चिलीमा वामपन्थी नेता साल्भाडोर एलेन्डे चार पटकसम्म राष्ट्रपति बने। सन् १९७० बाट सत्ताको नेतृत्व लिएपछि एलेन्डेले कैयौं आर्थिक सुधारका कार्यक्रम लिए। दलाल पुँजीपतिहरूको उद्योगहरू राष्ट्रियकरण गरे। यो कुरा अमेरिकालाई सह्य भइरहेको थिएन। यही क्रममा सन् १९७३ मा अमेरिकी जासुसी संस्था सीआईएको योजनामा सेनापति अगस्त पिनोचेको नेतृत्वमा सैनिक विद्रोहमार्फत् राष्ट्रपति भवन कब्जामा लिइयो। राष्ट्रपति एलेन्डेलाई आत्मसमर्पण गर्न अल्टिमेटम दियो सीआईए नेतृत्व जनरल पिनोचेको विद्रोही सेनाले। तर वामपन्थी नेता एलेन्डेले आत्मसपर्मण गर्नुको साटो आफ्ना घनिष्ट क्युबाली मित्र फिडेल क्यास्त्रोले उपहार दिएको हतियार समाएर सीआईए नेतृत्वको विद्रोही सेनाविरुद्ध लड्न मैदानमा उत्रिए। प्रहरी प्रमुखको नेतृत्वमा रहेको ५० सशस्त्र जवान र आफ्ना २८ अंगरक्षकसहित प्रतिरोधमा उत्रिएका राष्ट्रपति एलेन्डेको टोलीले केही घण्टा लड्यो तर एलेन्डेको घटनास्थलमै गोली लागेर मृत्युपछि चिलीको सत्ता अमेरिकी दलाल जनरल पिनोचेको हातमा पुग्यो र उसले १८ वर्षसम्म शासन सञ्चालन गर्‍यो।

**हिरोसिमा र नागासाकी नरसंहार (सन् १९४५)**

दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) को अन्त्यमा जब जापानी साम्राज्य पराजयतिर उन्मुख थियो, त्यो समय आफ्नो साम्राज्यवादी चरित्र सिद्ध गर्न र रुसी समाजवादी शिविरलाई आतंकित पार्न अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा परमाणु बम खसाल्यो। जहाँ २ लाख बढी जापानी सर्वसाधारणको अमेरिकाले ज्यान लियो।

**मेक्सिकोमाथि हमला (सन् १८४६-१८४८)**

अमेरिकी सेनाले मेक्सिकोमाथि फौजी हमला गरेर सबैभन्दा पहिले मेक्सिकोको बन्दरगाहलाई घेराबन्दी गर्‍यो। त्यसपछि मेक्सिकोको सिटीलाई कब्जा गरियो। ठूलो शक्तिको सामु झुक्नुको विकल्प नरहेपछि मेक्सिकोले आफ्नो ठूलो भूभाग अमेरिकालाई दिन बाध्य भयो। जसमा न्यु मेक्सिको, क्यालिफोर्निया र उत्तरी मेक्सिकोको ठूलो हिस्सा अमेरिकाको कब्जामा पर्न गयो।

**स्पेन-अमेरिका युद्ध (सन् १८९८)**

क्युबाको स्वतन्त्रताको समर्थन दिने आडमा अमेरिकाले प्रशान्त महासागर र क्यारेबियनमा स्पेनी सेनामाथि हमला गरेर पराजित गरेपछि स्पेनको उपनिवेशमा रहेको क्युबा, प्युर्टोरिका, गुआस र फिलिपिन्समाथि आफ्नो प्रभुत्व स्थापित गर्‍यो।

**फिलिपिन्समाथि हमला (सन् १८९९-१९४६)**

फिलिपिन्स पनि कुनैबेला स्पेनको उपनिवेशमा थियो। जब सन् १८९८ मा अमेरिकाले स्पेनलाई पराजित गर्‍यो। त्यसपछि अमेरिकाले उपनिवेश कायम गर्‍यो। अमेरिकी उपनिवेशका विरुद्ध फिलिपिन्सका जनताले लामो आन्दोलन गरे। यसक्रममा उपनिवेश विरोधी शक्तिलाई अमेरिकाले निर्दयतापूर्वक दमन गर्‍यो। प्रसिद्ध अमेरिकी लेखक मार्क ट्रेनको शब्दमा अमेरिकीहरूले सिङ्गो गाउँ जलाइदियो। विधवा, अनाथ बच्चाहरूलाई घरबाट बाहिर धकेलिदिने, देशभक्त नेतालाई देशबाट निकालिदिने र लाखौं फिलिपिन्सवासीलाई गुलाम बनाउने काम गर्‍यो।

**हैटीमाथि आक्रमण (सन् १९१५)**

२८ जुलाई सन् १९१५ मा एक स्वतन्त्र अफ्रिकी मुलुक हैटीमाथि ३३० अमेरिकी समुद्री लडाकु जहाजले मुख्य हैटी बन्दरगाह कब्जामा लियो। साथै अमेरिकी नौ सैनिकले नेसनल बैङ्क कब्जामा लियो र सुनको भण्डार उठाएर सीधैं न्युयोर्क सिटी पुर्याउने काम गर्‍यो।

**तुल्सा हत्याकाण्ड (सन् १९२१)**

अमेरिकाकै ओक्लाहोमा राज्यमा पर्ने ग्रिनबुड जिल्ला तुल्सामा श्वेत अधिकारीहरूले श्वेत जातिका मान्छेहरूमाथि गोली चलाएर सयौं मान्छेको हत्या गर्नुका साथै लुटपाट गरेर जहाजबाट बम खसालेर पूरै बस्ती खरानी बनाइयो।

**ग्रीसमा अमेरिकी हस्तक्षेप (सन् १९४७-१९५०)**

सन् १९४७ देखि सन् १९५० को दशकसम्म ग्रिसमा कम्युनिस्ट प्रभावलाई रोक्न बेलायतको सहयोगमा अमेरिकाले सैन्य दमन गरेर वामपन्थी विद्रोहलाई पराजित गरेको थियो। पहिलो, दोस्रो र तेस्रो चरण गरेर भएको विद्रोहमा अमेरिकाले ग्रीस सरकारलाई कठपुतली बनाएर वामपन्थी आन्दोलनलाई नष्ट गर्ने काम गरेको थियो।

**इटलीमा अमेरिकी हस्तक्षेप (सन् १९४७-१९४८)**

'ती जसले अमेरिकी विचारलाई विश्वास गर्दैनन्, तिनीहरूलाई सत्तामा रहने अनुमति दिँदैनौं।' जनवरी १९४८ मा अमेरिकी न्याय विभाग प्रमुख टोम सी क्लर्कले दिएको अभिव्यक्ति थियो। यही रणनीतिअनुसार सन् १९४८ मा इटलीको चुनावमा अमेरिकाले वामपन्थी गठबन्धनलाई पराजित गर्न हस्तक्षेपको ठूलो खेती गर्‍यो।

क्रमशः अन्तिम पृष्ठमा



## प्रमुखमा कांग्रेस, उपप्रमुखमा माओवादी केन्द्र विजयी

**पाँचथर ।** जिल्लास्थित फिदिम नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेस र उपप्रमुखमा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार विजयी भएको छन् । फिदिम नगरपालिकामा कांग्रेसका मित्रप्रसाद काफ्ले र उपप्रमुखमा माओवादी केन्द्रका राधाकृष्ण न्यौपाने विजयी भएका हुन् ।

काफ्लेले नौ हजार आठसय ५५ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका पृथ्वी लावतीलाई ६ सय पाँच मतान्तरले पराजित गरेका हुन् । लावतीले नौ हजार दुईसय ८० मत प्राप्त गरेका थिए ।

उक्त नगरपालिकामा प्रमुखका उम्मेदवार मंगोल नेशनल अर्गनाइजेसनका हरिचन्द्र नेम्वाङले दुईसय ८८, जनता समाजवादी पार्टीका विष्णुकुमार लावतीले दुईसय ७४, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका देउकुमार नेम्वाङले ७७ मत र राष्ट्रिय जनमुक्ति पार्टीका सनम तुम्बापोले २६ मत प्राप्त गरेका थिए ।

यसैगरी नगर उपप्रमुखमा माओवादी केन्द्रका राधाकृष्ण न्यौपाने नौ हजार ३६ मत प्राप्त गरेका थिए । उनका निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका जगतप्रसाद थापा मगरले पाँच हजार छसय ४३ मत प्राप्त गरे । जनता समाजवादी पार्टीकी भावना सुब्बाले पाँचसय ३५, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी सुनिता केरुङले एकसय ९५ र नेकपा मालेकी पुण्यमाता घिमिरेले ३४ मत प्राप्त गरेका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।

फिदिम नगरपालिकामा कांग्रेस र एमालेबाट समान चार/चार वडाध्यक्ष निर्वाचित भएका छन् । एमालेले वडा नं १, २, ११ र १२, कांग्रेसले वडा नं ३, ५, ७ र ९, माओवादी केन्द्रले वडा नं ८, १३ र १४, राष्ट्रिय प्रजातन्त्र पार्टीले वडा नं ४ र १० मा जित हासिल गर्‍यो । वडा नं ६ मा स्वतन्त्र उम्मेदवार विजयी भएका हुन् ।

## पुथाउत्तरगंगामा माओवादी केन्द्र विजयी

**रूकुम ।** जिल्लास्थित पुथाउत्तरगंगा गाउँपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार विजयी भएका छन् ।

पुथाउत्तगंगाका अध्यक्ष पुनिराज घर्ती र उपाध्यक्षमा भुपेन्द्रा बुढा विजयी भएका हुन् । घर्तीले तीन हजार नौसय १३ तथा बुढाले चार हजार ५९ मत प्राप्त गरी अग्रस्थान हासिल गरेका थिए भने अध्यक्षका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका तेजेन्द्र बुढाले दुई हजार एकसय १३ तथा उपाध्यक्षमा कांग्रेसकी कमलाकुमारी मल्लले दुई हजार १० मत प्राप्त गरेकी थिइन् ।

१४ वडा रहेको पुथाउत्तरगंगामा ११ मा माओवादी केन्द्र विजयी हासिल गरेको छ भने बाँकी एक-एक वडामा एमाले र कांग्रेसले जित हासिल गरेको छ भने एक वडामा एमाले र कांग्रेसको गठबन्धनको हातमा पुगेको छ। पुथा उत्तरगंगामा २०७४ को चुनावमा पनि माओवादी केन्द्रले १० वडामा तथा एमाले र कांग्रेसले दुई-दुई वडामा जित पाएको थियो ।

## कमवानपुरका मत परिणाम सार्वजनिक हुने क्रम जारी

**हेटौंडा ।** मकवानपुरको दसमध्ये सात स्थानीय तहको अन्तिम मत मतगणना सकिएर परिणाम सार्वजनिक भएको छ । हेटौंडा उप महानगरपालिकासहित तीन तहको मतगणना जारी छ ।

गठबन्धनतर्फबाट नेपाली कांग्रेसले चार गाउँपालिकामा अध्यक्ष र एक नगरपालिकामा उपप्रमुख जितेको छ। नेकपा (माओवादी केन्द्र)ले एक नगरपालिकामा प्रमुख तथा चार गाउँपालिकामा उपाध्यक्ष पदमा जित हासिल गरेको छ ।

कमवानपुरमा नेकपा एमालेले दुई गाउँपालिमा अध्यक्ष र एउटामा उपाध्यक्ष जितेको छ । जिल्लास्थित इन्द्रसरोबर र भीमफेदी गाउँपालिकामा एमाले विजयी भएको हो ।

प्राप्त मतपरिणाम अनुसार उत्तरी मकवानपुरको थाहा नगरपालिकामा सत्तारुढ गठबन्धन विजयी हासिल गरेको छ। कांग्रेसले राक्सिराङ, बकैया, कैलाश र मकवानपुरगढीमा जित हासिल गरेको हो । कैलाशमा माओवादी र कांग्रेसबीच चुनावी तालमेल गरेको थियो भने एमाले र एकीकृत समाजवादीले छुट्टाछुट्टै उम्मेदवार दिएका थिए ।

## मध्यपुरथिमिमा कांग्रेसका प्रमुख, माओवादी केन्द्रका उपप्रमुख विजयी

**भक्तपुर ।** स्थानीय तहको निर्वाचनको नतिजा आउँने क्रम जारी रहँदा मध्यपुरथिमि नगरपालिकामा गठबन्धनका प्रमुख र उपप्रमुख उम्मेदवार विजय भएका छन् । सत्ताधारी गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका सुरेन्द्र श्रेष्ठ आफ्ना प्रतिद्वन्द्वी नेकपा (एमाले)का उम्मेदवार मदनसुन्दर श्रेष्ठलाई पछाडि पार्दै विजयी भएका हुन् ।

कांग्रेसका सुरेन्द्रले १५ हजार ९८ मत प्राप्त गरी विजय भएका हुन् भने उनका निकटतम् प्रतिद्वन्द्वी एमालेका उम्मेदवार श्रेष्ठले ११ हजार ३५ मत पाएका थिए । विसं २०७४ को निर्वाचनमा १४ हजार मत ल्याएर एमालेबाट नगरप्रमुख बनेका एमालेका मदनसुन्दरले यस पटक आफ्नै जेठानसँग पराजित भएका हुन् ।

उपप्रमुखतर्फ माओवादी केन्द्रका उम्मेदवार विजयकृष्ण श्रेष्ठ १२ हजार १०२ मत प्राप्त गरी विजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेका उत्तरा नेपालले आठ हजार ९६३ मत प्राप्त गरेकी थिइन् । मध्यपुरथिमिमा नौ वडामध्ये कांग्रेसले १, २, ३, ५, ६ र ९ मा विजय भएको छ । वडाध्यक्षतर्फ मध्यपुरथिमिको १ मा कांग्रेसका बाबुकाजी डंगोल, २ मा श्रीकृष्ण श्रेष्ठ, ३ मा कृष्णहरि आचार्य, ५ मा बालकृष्ण श्रेष्ठ, ६ मा ज्ञानदास प्रजापति, ९ मा सानुकाजी राजबाहक एवं ४ मा एमालेका बालकृष्ण श्रेष्ठ, ७ मा कृष्णकुमार प्रजापति तथा ८ मा नेमकिपाका रमेश थापा श्रेष्ठ विजयी भएका छन् ।

सोही क्रममा नेपाली कांग्रेस मध्यपुरथिमि नगरसमितिका सभापति हरिदास प्रजापतिले बहुमत जनप्रतिनिधि कांग्रेसबाट विजयी भए पनि सबैसँग नगरपालिकाको विकासमा सबैसँग हातेमालो गर्दै पार्टीको नीतिअनुसार जनप्रतिनिधि अगाडि जाने विश्वास दिलाएका थिए ।

मध्यपुरथिमि नगरपालिका निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत केशव सिलवालले मध्यराति १ बजे मध्यपुरथिमि नगरपालिकाको अन्तिम मत परिणाम सार्वजनिक गरिएको जानकारी गराए ।

## जुम्लाको तिलामा माओवादी केन्द्र विजयी

**जुम्ला ।** जिल्लास्थित तिला गाउँपालिकामा नेकपा (माओवादी केन्द्र)ले विजय हासिल गरेको छ ।

तिलाका अध्यक्षमा माओवादी केन्द्रका उम्मेदवार मोतीलाल रोकाया एक हजार ९ सय ३६ मतका साथ विजयी भएका हुन् ।

सो गाउँपालिकामा माओवादी केन्द्रकै उपाध्यक्ष पदका उम्मेदवार गोरीकला बुढाले दुई हजार चार मत प्राप्त गरी विजयी भए भने उनका प्रतिद्वन्द्वी कांग्रेसका सुष्मा श्रेष्ठले एक हजार ८०६ मत प्राप्त गरेकी थिइन् ।

गएको विसं २०७४ को स्थानीय तहको निर्वाचनमा एमालेले अध्यक्ष र माओवादीले उपाध्यक्ष जितेको सो तिलामा यस पटक एमालेका रेशम शाहीले एक हजार ७५२ मत प्राप्त गरेका थिए ।

## भक्तपुरको सूर्यविनायक नपामा एमाले विजयी

**भक्तपुर ।** जिल्लास्थित सूर्यविनायक नगरपालिकामा एमाले विजयी भएको छ । सूर्यविनायकमा गठबन्धन नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार पराजित भएका हुन् ।

सहायक निर्वाचन अधिकृत सरिता खतिवडाका अनुसार सूर्यविनायक नगरपालिकाको प्रमुखमा नेकपा एमालेका वासुदेव थापा र उपप्रमुखमा सरिता भट्टराई निर्वाचित भएका हुन् ।

थापा १४ हजार ७५८ मत प्राप्त गरेका थिए भने उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका निशान ढुंगेलले १३ हजार २३२ मत प्राप्त गरेका थिए । उपप्रमुखमा भट्टराई १४ हजार ४९० मत प्राप्त गरेका थिए भने उनका निकटम प्रतिद्वन्द्वी एकीकृत समाजवादीका श्याम बस्नेतले ६ हजार ६६१ मत प्राप्त गरेका थिए ।

सूर्यविनायकका वडा नं. १, ५, ७, ८ र १० मा एमालेका उम्मेदवार र बाँकी ५ वडामा गठबन्धनका उम्मेदवारले जित हासिल गरेका छन् ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वागमती प्रदेश, नेपाल
समृद्ध बुढानीलकण्ठको आधार, पर्यटनसहितको पूर्वाधार

नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरूः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
एवं बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वागमती प्रदेश, नेपाल
समृद्ध गोकर्णेश्वरको आधार, पर्यटनसहितको पूर्वाधार

नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरूः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
एवं गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं

कागेश्वरी मनोहरा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वागमती प्रदेश, नेपाल

समृद्ध कागेश्वरी मनोहराको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख

**एवं कागेश्वरी मनोहरा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना**

हरिहरभवन, ललितपुर

## पशुपालक कृषक वर्गमा अनुरोध

१. राष्ट्रलाई दूध, मासु र पश्मिनामा आत्मनिर्भर बनाउने उद्देश्यले यस आयोजनाबाट उत्पादनमूलक गठबन्धनमा आधारित उपरुआयोजनाहरूमा प्रवाह गरिने पूरक अनुदानको अधिकतम सदुपयोग गरी दूध, मासु र पश्मिनाको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं।

२. नजिकको पशु सेवा हेर्ने निकायमा सम्पर्क गरी गाईभैसीलाई खोरेत रोगको खोप तथा भेडाबाख्रालाई पी.पी.आर.रोगको खोप लगाई आफ्ना पशुको स्वास्थ्य संरक्षण गरौं।

३. आयोजनाले प्रवर्द्धन गरिरहेका निम्न जलवायु मैत्री पशुपालन अभ्यासहरू अपनाई उत्पादकत्व एवं उत्पादन बढाऔं-

क) बधुवा पशुपालन प्रणाली।
ख) घाँसमा आधारित पशुपालन।
ग) डालेघाँसको सम्वर्द्धन र उपयोग।
घ) गोवर-पिसाबको वैज्ञानिक व्यवस्थापन।
ङ) सुधारिएका गोठको प्रयोग र
च) गुणस्तरीय पशु आहारको लागि साईलेज तथा हे को उपयोग।

४. आयोजनाले प्रवर्द्धन गरिरहेका पशु नश्ल सुधार कार्यक्रममा सहभागी बनौं र पशुको उत्पादकत्व एवं उत्पादन वृद्धि गरी फाइदा लिऔं।

५. पशुपालन तथा पशुजन्य पदार्थ प्रशोधनमा नवीनतम असल अभ्यासहरू अवलम्बन गरी शुद्ध एवं स्वच्छ उत्पादनहरूको सुनिश्चितता गरौं।

थप जानकारीका लागिः

**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना**

हरिहरभवन, ललितपुर,

फोनः ०१-५५५४९०६ इमेलः pmu@nlsip.gov.np

वेबसाइटः nlsip.gov.np

## भन्सार विभाग त्रिपुरेश्वर काठमाडौं सूचना !

तपाईंले आयात-निर्यात गर्न लागेको सामानमा कति महसुल लाग्दछ ? कति छुट पाउनुहुन्छ वा आयात-निर्यात प्रतिबन्ध छ ? आदिजस्ता भन्सारसम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् । हामी तपाईंको जिज्ञासाको समाधान गर्ने प्रयास गर्ने छौं। आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर वा फोनमार्फत पनि सम्पर्क गर्न सक्नु हुनेछ ।

कार्यालय समयभित्र प्राप्त फोनको तत्काल जवाफ पाउन सक्नुहुनेछ भने कार्यालय समयअघि फोन गर्दा कुनै जिज्ञासा भएमा भन्न सक्नुहुनेछ। फोनमा रेकर्डिङ सिस्टम भएकाले कार्यालय खुलेपछि त्यसको जवाफ दिइनेछ ।

**भन्सार विभाग**

त्रिपुरेश्वर, काठमाडौं

फोन नं.: ०१-४२५९८६१, टोल फ्रि नं.: १६६००१२१२२३

इमेलः csd@customs.gov.np

## वागमती हाम्रो सभ्यता

- हाम्रो वागमती, हाम्रो सभ्यता;
  कायम राखौं यसको पर्यावरणीय स्वच्छता !
- जोगाइराख्न सके यसको पवित्रता;
  बढ्नेछ आत्मसम्मान र आत्मीयता !
- सदा बचाइराख्न यसको सौन्दर्यता;
  सबै मिली गरौं प्रयास र प्रतिबद्धता !
- नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं !
- वागमती नदी र यसका सहायक नदीनालाहरूलाई स्वच्छ र सफा राखौं !
- नदी किनारका जग्गाहरूको संरक्षण गरौं !
- नदी किनारमा वृक्षारोपण गरी नदीको सौन्दर्य बढाऔं !
- नदी किनारको दायाँबायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं !
- वागमती सभ्यताको विकास र सम्बर्द्धन गरौं !
- वागमती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौं !

नेपाल सरकार

सहरी विकास मन्त्रालय

**अधिकारसम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति**

गुह्येश्वरीफाँट, काठमाडौं, सम्पर्क नं.: ०१-४४७९७०३

## प्रतिगमन...

प्रतिनिधिसभामा छलफल जारी रहनेछ भने राष्ट्रियसभामा छलफल प्रारम्भ हुनेछ। बैठकमा सत्तारुढ दल नेपाली कांग्रेसका सचेतक पुष्पा भुसाल गौतमले कृषि उत्पादन वृद्धि गर्दै ग्रामीण विकास, ऊर्जा, पर्यटनका क्षेत्रमा बजेटले महत्वपूर्ण फड्को मार्ने विश्वास व्यक्त गर्नुभयो।

सबै क्षेत्रमा सन्तुलित विकास र आर्थिक वितरण हुनुपर्नेमा जोड दिँदै उहाँले उपत्यकाभित्र पनि गरिब, दलित तथा पिछडिएका वर्गका समुदाय छन्, उनीहरूलाई पनि बजेटले सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

"मुलुक धनी हुनेगरी बजेट तर्जुमा गर्नुपर्छ, हामीसँग धेरै सम्भावना छ", उहाँले भन्नुभयो, "महिलाको योगदानलाई समेत मूल्याङ्कन गर्न र सुत्केरी भत्ता, पोषण, स्वास्थ्य बीमा छात्रामा सेनिटरी प्याड निःशुल्क गर्नेगरी बजेटमा सम्बोधन गरियोस्।"

बैठकमा सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) का सांसद हरिबोल गजुरेलले विकासका सन्दर्भमा राजनीतिक दलका नेताबीच छलफल आवश्यक रहे पनि यस्तो अभ्यास नेपालमा नहुनु दुःखद् हो भन्नुभयो। उहाँले बजेटका विषयमा गठबन्धन दलमा समेत छलफल नभएको जिकिर गर्दै बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामा भूमिसुधार भन्ने शब्दसमेत नभएको बताउनुभयो।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दा पार्टी, राजनीतिक दलबीच र प्रतिपक्षसँगसमेत छलफल गरी सुझाव लिन उहाँले आग्रह गर्नुभयो। उहाँले संविधानको रक्षाका लागि प्रतिगामीविरुद्ध गम्भीर ढङ्गबाट अघि बढ्नु जरुरी रहेको औँल्याउनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उमाशङ्कर अरगरियाले कृषिप्रधान देश भनेर किताबमा पढेको तर किसानले मल बीउसमेत पाउन नसक्नु विडम्बना हो भन्नुभयो।

"जब कृषि क्रान्ति हुँदैन तबसम्म देशको विकास सम्भव छैन", उहाँले अर्थमन्त्री जनार्दन शर्मालाई सङ्केत गर्दै भन्नुभयो, "कृषि विकासका लागि एउटा योजना अघि बढाउनुहोस्।"

उहाँले बेरोजगारी समस्या समाधान गर्न पनि आग्रह गर्नुभयो। बीस वर्ष पहिले नेपालको धान, चामल भारतमा बेचेको स्मरण गर्दै उहाँले अहिले अर्बौंको चामल ल्याउनुपरिरहेको प्रति चिन्ता प्रकट गर्नुभयो।

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का सांसद खगराज अधिकारीले सरकारले व्यापार घाटालाई बढाएर परनिर्भर भएको बताउनुभयो। प्राथमिकता र सिद्धान्त आफैँ अलमलमा रहेको उहाँले औँल्याउनुभयो।

उहाँले बजेटमा प्राथमिकता दिँदा आफ्नै विशेषता रहेको पर्यटन र संस्कृतिलाई राष्ट्रिय पूँजीमा परिणत गर्नुपर्नेमा जोड दिनुभयो। सांसद अधिकारीले समन्वयायिक सिद्धान्तका आधारमा अघि बढ्नसके मात्रै समाजवाद निर्माण गर्न सकिने बताउनुभयो।

उहाँले जलस्रोत, उद्योगलगायत क्षेत्रमा राष्ट्रिय सहमति नबनाई अघि बढेमा मुलुकले नै बदनामी कमाउने बताउनुभयो। स्थानीय विकास पूर्वाधार कार्यक्रममा छलफल जरुरी रहेको उहाँको भनाइ थियो।

नेपाली कांग्रेसका डिला सङ्ग्रौलाले गरिब नागरिकको जीवनमाथि उठाउने खालको बजेट आवश्यक भएको बताउनुभयो। नेकपा (माओवादी केन्द्र) का धर्मशिला चापागाईंले सांसदहरूले जतिसुकै प्राथमिकताका विषयमा जोड दिए पनि परम्परागतरूपमा बजेट निर्माण भइरहेको बताउनुभयो। नयाँ राज्यसत्ताको अभ्यास र अनुभूति दिन नसकिएको भन्दै उहाँले त्यहीअनुसार सम्बोधन जरुरी रहेको बताउनुभयो।

नेकपा (एकीकृत समाजवादी) का सांसद समिना हुसेनले कृषि विकासमा जोड दिनुपर्ने बताउनुभयो। नेकपा (एमाले) का सांसद डा विजय सुब्बाले मुलुकमा भ्रष्टाचार कायमै रहेकाले त्यसतर्फ ध्यानाकर्षण गराउनुभयो। नेपाली कांग्रेसका डा अमरेशकुमार सिंहले बजेटको प्राथमिकतामा व्यक्तिभन्दा जनतालाई बलियो बनाउने गरी बजेट ल्याउन आग्रह गर्नुभयो।

नेकपा (माओवादी केन्द्र) का श्यामकुमार श्रेष्ठले उद्योग, कृषि, पर्यटन, ऊर्जाका साथै शिक्षा, स्वास्थ्य र रोजगारीलाई पनि सँगसँगै जोडेर बजेट ल्याउनुपर्ने बताउनुभयो। नेकपा (एकीकृत समाजवादी) का लक्ष्मीकुमारी चौधरी, नेकपा (एमाले) का डा सूर्यप्रसाद पाठक, कांग्रेसका जिपछिरिङ लामा, माओवादी केन्द्रका गजेन्द्रबहादुर महतले छलफलमा भाग लिनुभएको थियो।

यसअघि छलफलमा भाग लिँदै पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का नेता झलनाथ खनाल, अर्का पूर्वप्रधानमन्त्री जनता समाजवादी पार्टी नेपालका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, नेकपा (एमाले) का नेता योगेशकुमार भट्टराईलगायतले धारणा राख्नुभएको थियो। प्रतिनिधिसभाको अर्को बैठक बिहीबार अपराह्न १ बजे बस्नेछ।

## प्रमको...

तथा उपप्रमुखमा माओवादी केन्द्रका विमला महता निर्वाचित भएका छन्। सो नगरपालिकाका सबै वडाहरूमा समेत कांग्रेसले जितेको छ।

जिल्लास्थित गन्यापधुरा, नवदुर्गा र भागेश्वर गाउँपालिका पनि कांग्रेसले जितेको छ भने आलिताल र अजयमेरु गाउँपालिकामा नेकपा माओवादी केन्द्रले प्रमुख पदमा जित हासिल गरेको छ। उपाध्यक्षमा पनि कांग्रेसकी वशन्ती पाल विजयी भएकी छन्।

कांग्रेसले ५२ वडामध्ये २९ वडामा विजय प्राप्त गरेको छ भने माओवादी १४, एमालेले तीन, एकीकृत समाजवादी दुई, विपी कांग्रेस दुई र स्वतन्त्रले दुई वडा जितेका छन्। अघिल्लो चुनावमा अमरगढी नगरपालिकामा पाँचवडा मात्रै जितेको कांग्रेसले अहिले प्रमुख उपप्रमुखसहित दस वडामा विजय हात पारेको छ। अघिल्लो चुनावमा अमरगढीका प्रमुख र उपप्रमुखसहित ६ वडाअध्यक्ष जितेको एमाले अहिले शून्यमा झरेको छ।

त्यसैगरी अघिल्लो चुनावमा परशुराममा प्रमुख र उपप्रमुखसहित तीन वडा मात्रै जितेको कांग्रेसले अहिले सम्पन्न स्थानीय निर्वाचनमा पालिका प्रमुखसहित पाँच वडा जितेको छ।

गन्यापधुरामा पनि पहिले कांग्रेसले तीन वडा र अध्यक्ष उपाध्यक्ष जितेको थियो तर अहिले एक वडा बाहेक पालिकाका सबै स्थानमा विजय हासिल गरेको छ। यो प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुरको पालिका हो।

अघिल्लो निर्वाचनमा नवदुर्गा गाउँपालिमा अध्यक्ष उपाध्यक्षसहित थप दुई वडा जितेको छ र बाँकी तीन वडामा नेकपा (एकीकृति समाजवादी) ले दुई र माओवादीले एक वडामा जित हासिल गरेको छ।

यसैगरी भागेश्वर गाउँपालिकामा अघिल्लो निर्वाचनमा अध्यक्ष उपाध्यक्ष मात्रै जितेको कांग्रेसले अहिले पालिकासहित चार वडामा जित हासिल गरेको छ। त्यसैगरी यसअघि भागेश्वरमा एमालेले चार र माओवादीले एक वडा जितेकामा अहिले चार वडामा नै कांग्रेसले जित हासिल गरेको छ। अर्को एकमा स्वतन्त्र उम्मेदवार आएका छन्।

डडेल्धुरा कांग्रेसका नेता एवं सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकासमन्त्री गोविन्द बोहराले डडेल्धुराका जनताले प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाप्रतिको विश्वास यस पटकको स्थानीय तहको निर्वाचनमा प्रकट गरेको बताए।

उनले डडेल्धुरामा गठबन्धन थिएन बरु समझदारीमा सबै दलले आ–आफ्नो तवरबाट निर्वाचनमा उठेका थियौं र यो देशको विकास गर्ने र मुलुक आर्थिक तथा राजनीतिक संकटमा परेका बेला निकास दिनसक्ने पार्टी नेपाली कांग्रेस र नेता शेरबहादुर देउवा नै हुन् भन्ने विश्वासका साथ यहाँका जनताले स्थानीय तहमा मत दिएका हुन्।

नेपाली कांग्रेस डडेल्धुराका सभापति भीम साउदले यसअघिका अरु दलका जनप्रतिनिधिहरूले कुरामात्र गरेका तर विकासका काम नगरेका कारण यसपाली यहाँका नागरिकले कांग्रेसलाई छानेको बताए। उनले नेपाली कांग्रेसको वर्तमान नेतृत्वको नीति, जिल्लाका नेता तथा कार्यकर्ताहरूको सक्रियता तथा जिल्लामा पार्टी सभापति देउवाप्रति यहाँका जनताले गरेको भरोसाका कारण पनि अहिलेको जित हात लागेको बताए।

नेपाली कांग्रेस डडेल्धुराकी महासमिति सदस्य सरस्वती खड्काले नेपाली कांग्रेसकी नेतृ डा आरजु राणा देउवाले सुदूरपश्चिमका महिला र त्यसमा पनि डडेल्धुराका महिलामा गरेको लगानीको परिणाम अहिलेको स्थानीय तहको नतिजा भएको बताइन्।

स्थानीय निर्वाचनको मतगणना जारी रहेका बेला नागरिकहरूले प्रधानमन्त्री देउवाको जिल्ला डडेल्धुरा र प्रमुख प्रतिपक्षी दल एमालेका नेता खड्गप्रसाद ओलीको जिल्ला झापाको परिणामप्रति चासो राखिरहेका छन्।

## कमलामा कांग्रेस : मुखियापट्टीमा जसपा विजयी

**धनुषा।** स्थानीय तहको निर्वाचनबाट जिल्लास्थित कमला नगरपालिकाको प्रमुख र उपप्रमुखमा कांग्रेस र मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा जनता समाजवादी पार्टीले विजयी भएका छन्। निर्वाचन अधिकृतको कार्यालयले कमलाको प्रमुखमा कांग्रेसका विशेश्वर यादव तीन हजार ८ सय ८७ मत र उपप्रमुखमा शिलादेवी मण्डल विजयी भएका हुन्।

विशेश्वरका निकटतम प्रतिद्वन्द्वी जसपाका पशुपति यादवले दुई हजार ८ सय ५९ मत प्राप्त गरेका थिए भने उपप्रमुख शिलादेवीका निकटतम प्रतिद्वन्द्वी नेकपा (एकीकृत समाजवादी)की सरस्वती सिन्हा कुशवाहाले दुई हजार ७ सय ६६ मत प्राप्त गरेकी थिइन्।

निर्वाचन अधिकृत निरज पोखरेलका अनुसार जिल्लाकै मुखियापट्टी मुसहरनिया गाउँपालिकाको अध्यक्षमा जसपाका जयकुमार यादव र उपाध्यक्षमा सैदा खातुन निर्वाचित भएका हुन्। अध्यक्षमा निर्वाचित यादवले पाँच हजार ४ सय १० मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका रामबाबु यादवले दुई हजार ४ सय ५५ मत प्राप्त पाएका थिए।

यसैगरी उपाध्यक्षमा खातुनले चार हजार ४ सय १४ मत ल्याउँदा उनकी निकटतम प्रतिद्वन्द्वी कांग्रेसकी अनिता कुमारीले तीन हजार एकसय ५२ मतमा पाएका थिए।


## डिभिजन सडक कार्यालय, भक्तपुरको अनुरोध !

सडक हामी सबैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर–टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने–पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु–नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

डिभिजन सडक कार्यालय

भक्तपुर



जङ्गली च्याउहरू विषालु पनि हुन सक्दछन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं, अमूल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं